# सर्वोच्च अदालत
## प्रेस विज्ञप्ति

**माननीय वरिष्ठतम् न्यायाधीश श्री सपना प्रधान मल्लज्यू World Justice Forum मा सहभागी हुन पोल्याण्ड प्रस्थान**

सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री सपना प्रधान मल्लज्यू आगामी २३-२६ जुन २०२५ (२०८२ असार ९-१२) मा पोल्याण्डको वार्सामा आयोजना हुने World Justice Forum मा सहभागी हुन मिति २०८२ असार ७ गते कतार एयरलाइन्सको उडानबाट पोल्याण्ड प्रस्थान गर्नुभएको छ।

उक्त प्रतिष्ठित कार्यक्रममा वरिष्ठतम माननीय न्यायाधीश श्री सपना प्रधान मल्लज्यूले कोलम्बियाको संवैधानिक अदालतका माननीय न्यायाधीश श्री नतालिया एन्जेल काबो (Justice Natalia Ángel Cabo) सँगै "Ruth Bader Ginsburg Legacy Keynote Conversation" विषयमा Plenary Keynote Speaker को रूपमा सम्बोधन गर्नुहुनेछ। साथै, "Judicial Integrity: Challenges and Opportunities for Strengthening Transparency and Public Trust in Asia" विषयक विशेष प्यानलमा बंगलादेशका सम्माननीय प्रधान न्यायाधीश श्री सैयद रफात अहमद, फिलिपिन्सका माननीय सहायक न्यायाधीश मारिया फिलोमेना सिंह, तथा थाइल्याण्ड इन्स्टिच्युट अफ जस्टिसका कार्यकारी निर्देशक डा. फिसेट सा-आडर्चेनसँगै Panelist को रूपमा समेत सहभागिता जनाउनुहुनेछ।

मितिः २०८२ असार ७ गते
ने.सं. ११४५ तछलागाः १०, शनिबार

२०८२/३/६

अच्युत कुईकेल
(प्रवक्ता/सह रजिष्ट्रार)